मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाको वैठक संख्या:-५५

आज मिति २०८१/०६/०७ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थिति:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री विकास खनाल | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स. | श्री चन्द्र कान्त अर्याल | |

२०. इ. विष्णु अर्याल
२१. अ.स्वा.नि. प्रकाश पुरतेल
२२ लेखापाल श्री रामकुमारी के.सी.
२३ जगत कु. पौडेल

प्रस्तावहरुः-

१. विपदका कारण मो.बा.हरुको मर्मत संभारको रकम भुक्तानी सम्बन्धमा,

२. दशैमा मो.बा.हरु सखार गर्ने सम्बन्धमा,

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राविधिक सहायकको पदपूर्ति गर्ने सम्बन्धमा,

४.चालक शरन अर्यालको प्रसुती स्याहार विदा र सो अवधिमा गाडी चलाउनको लागि दैनिक ज्यालादारीमा सेवा करारमा लिने सम्बन्धमा,

५.कर्मचारीको आन्तरिक सरुवा सम्बन्धमा,

६.भेटेरीनरी डाक्टरको करार सेवामा पदपूर्ती गर्ने सम्बन्धमा,

७.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको चलानी नम्वर १२८८३ र १२८८४ का पत्रहरुको सम्बन्धमा,

८. विपद व्यवस्थापन समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा,

९. स्थानीय विदा सम्बन्धमा,

१०. लेन्थ वर्करको रकम भुक्तानी सम्बन्धमा,

११.अर्जे वेशी सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको नयाँ भवन निर्माणको लागि डिजाइन तथा इस्टिमेटको कार्य परामर्श सेवाबाट गर्ने सम्बन्धमा,

१२.प्रशासनीक भवनको फाइनल भुक्तानीको लागि Check and Inspection कार्य गराउने सम्बन्धमा,

१३. कार्यालयका सामग्री राख्नको लागि स्टोर भाडामा लिने सम्बन्धमा,

१४. सिमलटारी आँखा उपचार केन्द्र रहेको भवनको रंगरोगन गराउने सम्बन्धमा,

बैठकले गरेका निर्णयहरुः-

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | योजना शाखा | चालु आ.ब.२०८१/०८२ मा वर्षादको समयमा विपदका कारण यस गाउँपालिका क्षेत्रभित्रका मुख्य तथा शाखा मो.बा.हरु सखार तथा पहिरो सफाइको लागि विगतको वर्षादको समयमा परेको वर्षाद तथा त्यसले सिर्जना गरेको अवस्थाका आधारमा अनुमानित लागत अनुमान तयार गरी गाउँपालिकालाई दुई क्लस्टरमा विभाजन गरी शिलवन्दी दरभाउ माग गरिएकोमा गाउँपालिकाको वडा नं.-१ देखि ४ सम्मको कार्यको लागि ननस्टप कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली. मालिका -८ र वडा नं. ५ देखि ८ सम्मको कार्यको लागि करिष्मा कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली. भरतपुर -१२ चिवतनले पेश गरेका दररेट सारभूत रुपमा |

| | | |
|---|---|---|
| | | प्रभावग्राही भई द्विपक्षिय सम्झौता भए बमोजिम प्राविधिक कार्य सम्पन्न/स्वीकार प्रतिवेदन र मूल्याङ्कनका आधारमा तपसिल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.ननस्टप कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली. मालिका -८ रु.९,२१,२८८/२४<br>२.करिष्मा कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली. भरतपुर-१२ रु.९,०९,८७७/४५ |
| २. | योजना शाखा | चालु आ.ब.२०८१/०८२ अन्तरगत श्रावण, भाद्र र असोजमा परेको अविरल वर्षादको कारण विग्रेका मुख्य तथा शाखा मो.बा.हरुको मर्मत संभारका सम्बन्धमा छलफल गरी प्राविधिक लागत अनुमान तयार गर्न लगाइ उपभोक्ता समिति गठन गरी सम्भव भए सम्म श्रमिक प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गराउने/गर्ने र अन्यथा सूचिकृत निर्माण व्यवसायीसँग सेवा करार सम्झौता गरी सबै वडाका शाखा मो.बा.हरु दशै अगाडी मर्मत संभारको कार्य सम्पन्न गर्ने गरी कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो। |
| ३. | प्रशासन शाखा | यस गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आवश्यक प्राविधिक सहायक कर्मचारी राजिनामा दिई वैदेशिक रोजगारीमा गएको हुँदा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ मा आधारित भई प्राविधिक सहायक कर्मचारी पदपूर्तिको लागि विज्ञापन गर्ने निर्णय गरियो। |
| . | प्रशासन शाखा | यस गाउँपालिकाको नाममा दर्ता श्रेष्ता कायम भएको गाडी नं. BAA 1286 को चालक श्री शरन अर्यालको निवेदन बमोजिम निजको पत्नि सुत्केरी हुने भएको हुँदा निजले प्रसुती स्याहार विदा माग गरेकोले नियमानुसारको प्रसुति स्याहार विदा स्वीकृत गर्ने र स्वीकृत विदा अवधि भर दैनिक ज्यालादारीमा गाडी चलाउनको लागि चालक श्री त्रिलोचन रिजालसँग सेवा करार सम्झौता गर्ने निर्णय गरियो। |
| . | प्रशासन शाखा | यस गाउँपालिकामा कार्यरत तपसिलका कर्मचारीहरुको घरपायक हुने भएकोले यस गाउँपालिकामा कार्यरत का.स.श्री चन्द्र कान्त अर्याललाई छापहिले स्वास्थ्य चौकी र छापहिले स्वास्थ्य चौकीमा कार्यरत का.स.भोज वहादुर थापालाई ह्राङ्दी स्वास्थ्य चौकीमा र ह्राङ्दी स्वास्थ्य चौकीमा कार्यरत डिल्लिराज भट्टराइलाई मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सरुवा/पदस्थापन गर्ने निर्णय गरियो। साथै चन्द्रकान्त अर्याल स्वास्थ्य कार्यालयमा पदस्थापन भएको हुँदा निजको तलव भत्ता स्वास्थ्य तर्फको शशर्त अनुदानबाट उपलब्ध गराउने निर्णय समेत गरियो। |

CamScanner

| | | |
|---|---|---|
| | प्रशासन शाखा | संघीय सरकारको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक गाउँपालिका, एक भेटेरिनरी डाक्टर कार्यक्रम अन्तरगत रकम विनियोजन भइ प्राप्त भएकोले यस गाउँपालिकामा भेटेरिनरी डाक्टरको आवश्कता समेत रहेको हुँदा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८१ बमोजिम पदपूर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो। |
| | शिक्षा शाखा | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवलको मिति २०८१/०५/२६ च.नं. १२८८३ र १२८८४ को पत्रानुसार कानून बमोजिम आवश्यक कारवाहीका लागि लेखि आएको हुँदा उक्त अनुचित/अनियमित कार्यको सम्बन्धमा आवश्यक अनुसन्धान गरी आवश्यक राय/कारवाहीको लागि पेस तथा सिफारिस गर्नको लागि तपसिल बमोजिमको ३ सदस्यिय समिति गठन गर्ने र प्रचलित ऐन, नियम, र कानून बमोजिम निजहरुलाई सेवा सुविधा समेत उपलब्ध गराउने निर्णय गरियो।<br>तपसिलः-<br>१.संयोजकः- श्री ज्ञान कुमार बुढा(वडा अध्यक्ष मालिका-३)<br>२.सदस्य :- श्री भुम वहादुर घर्ती मगर (कार्यक्रम संयोजक शिक्षा)<br>३.स.सचिवः- श्री झपिन्द्र घिमिरे (आ.ले.प.शाखा प्रमुख) |
| | विपद शाखा | मिति २०८१/०६/०७ गतेका दिन वसेको गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिले विपद प्रभावितहरुलाई आर्थिक सहायता वापत नगद रकम उपलब्ध गराउने सम्बन्धमा गरेको निर्णय अनुमोदन गरि विपद प्रभावितहरुलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो। |
| | प्रशासन शाखा | हिन्दुहरुको महान पर्व विजया दशमीको अन्तिम दिन कोजाग्रत पूर्णिमा अर्थात २०८१ साल कार्तिक १ गतेका दिन यस क्षेत्रकै सबभन्दा ठूलो मेला लाग्ने र मालिका भगवतीको सामुहिक पूजा हुने भएको कारण उक्त दिन यस गाउँपालिका क्षेत्रमा स्थानीय विदा दिने निर्णय गरियो । |
| ?. | योजना शाखा | मालिका गाउँपालिकाको वडा नं.-२ दर्लिङ्गको साविक १,२,३ र ४ वडामा मुसलधारे वर्षादको कारण मो.बा.हरु अवरुद्ध भएको कारण विद्यार्थी विद्यालय जान आउन नसक्ने अवस्था रहेको, नागरिकहरु खानेपानीको मुहान सम्म जान आउन नसक्ने अवस्था रहेको, तत्काल मेसिन प्रयोग गर्ने अवस्था नरहेको कारण साविकका चारवटा वडामा मानिस, पशु चौपाय तथा विद्यार्थीहरु आवत जावतका लागि मो.बा.मा रहेको पहिरो हठाउने तथा गोरेटोहरु निर्माणको लागि लेन्थ बर्कर प्रयोग गरी काममा लगाइएको हुँदा निजहरुको पारिश्रमिक वापत |

| | | |
|---|---|---|
| | | रु.१,१६,२३२/- रकम भुक्तानी गर्ने निर्णय गरियो। |
| ११. | प्राविधिक शाखा | चालु आ.ब. २०८१/०८२ अन्तरगत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रमको लागि संघीय सरकारको विशेष अनुदानबाट रु.८० लाख प्राप्त भएकोमा यस गाउँपालिकाको वडा नं.-६ अर्जैमा रहेको अर्जै वेशी सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको भवन नभएको कारण उक्त स्थानमा नयाँ भवन निर्माणको लागि डिजाइन तथा इस्टिमेटको कार्य (स्टक्चर एनालाइसिस) गाउँपालिकाका प्राविधिकबाट सम्भव नभएको कारण विनियोजित वजेटको कन्टेन्जेन्सी रकमबाट उक्त स्थानमा नयाँ भवन वनाउनको लागि आवश्यक डिजाइन तथा इस्टिमेटको कार्य परामर्श सेवाबाट गर्ने निर्णय गरियो। |
| १२ | प्राविधिक शाखा | यस गाउँपालिकाको प्रशासनीक भवनको फाइनल भुक्तानीको लागि Check and Inspection गर्नुपर्ने अवस्था देखिएकोले प्रशासनीक भवनको निर्माणका लागि विनियोजित रकमको कन्टेन्जेन्सी शिर्षकबाट भुक्तानी दिनेगरी परामर्श सेवा/सोझै खरिद विधिको प्रयोग गरी कार्य प्रकृया अगाडी वढाउनको लागि योजना/प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| १३. | जिन्सी शाखा | गाउँपालिकाका विभिन्न सामग्रीहरु राख्नको लागि कार्यालयमा कोठा/स्टोर साघुरो भएको कारण कार्यालयमा प्राप्त सामग्रीहरु वितरण तथा व्यवस्थापनका लागि समस्या भएको भनि स्टोर शाखाले करिव ४ महिनाका लागि २ वटा कोठा भाडामा लिनु पर्ने भनि राय पेश गरेको हुँदा सो सम्बन्धमा छलफल गरी कार्यालयको सामग्री व्यवस्थापनका लागि २ वटा कोठा आवश्यक देखिएकोले मालिका गाउँपालिका वडा नं.४ अर्खावाङ्ग निवासी श्री सुरेश अर्यालको पक्की घरका २ वटा कोठाहरु प्रति महिना प्रति कोठा रु.३०००/- का दरले ४ महिनाको लागि भाडामा लिने निर्णय गरियो। |
| १४. | योजना शाखा | यस गाउँपालिकाको मालिका-८ मरभुङ्ग सिमलटारीमा रहेको एकमात्र आँखा उपचार केन्द्र रहेको भवन रंगरोगन गर्नु पर्ने भएको हुँदा उक्त भवनको रंगरोगन कार्य गर्नको लागि हिउँदे अधिवेशनबाट रकम सुनिश्चित गरी वढीमा रु.५० हजार रकम उपलब्ध गराउने निर्णय गरि रंगरोगनको कार्य अगाडी वढाउने निर्णय गरियो। |